विश्व स्वास्थ्य संगठन
क्षेत्रिय कार्यलय, दक्षिण-पूर्वी एशिया

# रेविज

## रोग सम्बन्धि प्रश्नोत्तर



SEA-CD-278

# रेबिज

## रोग सम्बन्धि प्रश्नोत्तर

World Health Organization
Regional Office for South-East Asia

मानव जातिले जानेको प्राचीन रोग मध्ये रेविज एक हो । विरामीमा रोगको लक्षणहरु देखापरी सकेपछि त्यसको उपचार विधि हाल सम्म पत्तालागेको छैन। प्राचीन समय देखि रोगको ईतिहास र रोग विरुद्द पेटमा दिईने अतिनै दुख्ने स्नायु तन्तुबाट बनेको खोपको कारण साधारण मानिसहरुमा यो रोग वारे भ्रम सृजना भएको छ ।

यस पुस्तिकाले रेविज बारे वारम्वार सोधिने आधारभुत प्रश्नहरुको सर्वमान्य र प्रमाणको आधारमा सिद्ध भएका उत्तरहरु दिने प्रयास गरेको छ । सम्भावित सम्पुर्ण जिज्ञासाहरुलाई समावेश गर्ने प्रयास गरिएको भएतापनि यो पुस्तिका आफैमा पूर्ण छैन । तसर्थ पाठकवर्गहरुले यसवाट निवारण हुन नसकेको शंका तथा जिज्ञासाहरु वारे स्पष्ट हुन सरुवा रोग/रेविज रोग विशेषज्ञसंग परामर्श लिनु पर्ने हुन सक्दछ ।

यो पुस्तिकालाई दुई भागमा प्रस्तुत गरिएको छ । पहिलो भागमा साधारण मानिसहरुले सोध्न सक्ने प्रश्नहरु समावेश गरिएका छन । दोश्रो भागमा स्वास्थ्यकर्मी र स्वास्थ्य सेवा प्रदायकहरुको लागि रेविज रोग लागेको तथा शंकास्पद जनावरहरुले टोकेको घाउको व्यवस्थापन र रोग विरुद्धका खोपहरु दिने तरिका वारे सल्लाह समावेस गरिएका छन् ।

# विषय सुचि


| | | |
|---|---|---|
| **भाग : १** | **सर्वसाधारणको लागि** | **पेज ७-१८** |
| प्रश्न नं १ | रेविज भनेको के हो ? | ७ |
| प्रश्न नं २ | रेविज रोग कसरी सर्दछ ? | ७ |
| प्रश्न नं ३ | जनावरहरुले टोकेको घाउको उपचार कसरी गर्ने ? | ८ |
| प्रश्न नं. ४ | जनावरले टोकेको घाउमा के गर्न हुँदैन ? | ८ |
| प्रश्न नं. ५ | मनिसमा रेविज रोगको विकास कसरी हुन्छ ? | ८ |
| प्रश्न नं. ६ | रेविज रोगको विकासमा असर गर्ने तत्वहरु के के हुन् ? | ९ |
| प्रश्न नं. ७ | कुकुर र विरालोहरुमा रेविज रोगको लक्षण देखिन कति समय लाग्दछ ? रेविज लागेको जनावर कति समयसम्म वांच्न सक्दछ ? | ९ |
| प्रश्न नं. ८ | कुकुरमा देखिने रेविज रोगका लक्षणहरु के के हुन् ? | ९ |
| प्रश्न नं. ९ | मनिसमा रेविज रोगका लक्षणहरु के के हुन्छन् ? | १० |
| प्रश्न नं. १० | के रेविज रोग लागेका रोगीहरुको उपयुक्त उपचार हुन्छ ? | १० |
| प्रश्न नं. ११ | के रेविज रोग संधै प्राणघातक हुन्छ ? | १३ |
| प्रश्न नं. १२ | के टोक्ने कुकुर वा विरालोलाई १० दिन समम निगरानीमा राखि घाउको उपचार नगरी वस्न ठिक हो ? | १४ |
| प्रश्न नं. १३ | कस्तो अवस्थामा टोकेको मानिसले रेविज विरुद्धको खोप लिनु पर्दछ ? | १४ |
| प्रश्न नं. १४ | खोप लगएको कुकुरले टोक्यो भने रेविज विरुद्धको खोप लगाउन पर्छ की पर्दैन ? | १५ |
| प्रश्न नं. १५ | यदि मलाई मुसाले टोक्यो भने, मैले टोके पछाडि लगाउने खोप लगाउन पर्छ की पर्दैन ? | १५ |
| प्रश्न नं. १६ | यदि मलाई चमेरोले टोकेमा के गर्नु पर्दछ ? | १६ |
| प्रश्न नं १७ | यदि रेविज रोगवाट संक्रमित जनावरको दुध वा दूधजन्य पदार्थ खाएमा टोकाई पछाडि दिईने रेविज विरुद्धको खोप लिनु पर्छ ? | १६ |
| प्रश्न नं १८ | के संक्रमित जनावरको मासु खानाले रेविज रोग सर्दछ ? | १६ |
| प्रश्न नं १९ | के मानिसमा एक मात्रा मात्र रेविज विरुद्ध खोप लगाएर जीवनभर प्रतिरोधात्मक शक्ति प्रदान गर्न सक्ने सुई छ ? | १६ |
| प्रश्न नं २० | के रेविज विरुद्धको खोपवाटै रोग सर्न सक्ने सम्भवना छ ? | १६ |
| प्रश्न नं २१ | रेविज रोगको रोकथाम र नियन्त्रणको लागि के गर्न सकिन्छ ? | १७ |
| प्रश्न नं २२ | पाल्तु कुकुरहरुलाई रेविज रोग विरुद्ध दिईने सुईको तालिका कस्तो हुन्छ ? | १७ |

## भागः २ स्वास्थ्यकर्मीहरुको लागि पेज १८-२८


| | | |
|---|---|---|
| प्रश्न नं. १ | जनावरको टोकाईको उपचार कसरी गर्ने ? | १८ |
| प्रश्न नं. २ | जनावरले टोकेको घाउमा के गर्न हुदैन ? | १९ |
| प्रश्न नं. ३ | जनावरको टोकाई पश्चात दिनु पर्ने रेविज विरुद्धको सुई कुन कुन अवस्थामा दिन पर्दछ ? | १९ |
| प्रश्न नं ४ | रेविज विरुद्ध दिईने खोपको सुरक्षण र क्षमता प्रयोग गर्न भन्दा अगाडि सम्म सुरक्षित राख्न भण्डारण कसरी गर्न पर्दछ ? | २१ |
| प्रश्न नं. ५ | के गर्भवती महिला वा स्तनपान गराईरहेका आमाहरुलाई रेविज विरुद्धको खोप र ईम्युनोग्लोवुलीन दिन सकिन्छ ? | २१ |
| प्रश्न नं. ६ | दक्षिण पूर्वी एशिया क्षेत्रका रेविज प्रभावित देशहरुमा कस्ता किसिमका रेविज खोपहरु प्रयोग गरिन्छन् ? | २१ |
| प्रश्न नं. ७ | आधुनिक रेविज खोपहरु प्रयोग गर्दा हुने फाईदाहरु के के छन ? | २२ |
| प्रश्न नं. ८ | विश्व स्वास्थ्य संगठनवाट सिफारिस भएका रेविज खोपहरु कुन कुन हुन् ? | २३ |
| प्रश्न नं. ९ | रेविज रोग विरुद्ध दिईने खोप तालिकाको मापदण्ड के हो ? | २४ |
| प्रश्न नं. १० | के रेविजको जोखिम पश्चात छाला भित्र दिईन छोटो खोप तालिका छ ? | २६ |
| प्रश्न नं. ११ | आधुनिक रेविज खोप लगाउदा विचार गर्न पर्ने प्रमुख कुराहरु के के हुन् ? | २७ |
| प्रश्न नं. १२ | के छाला भित्र प्रयोग गरिने रेविज खोपमा विशेष प्रकारको क्षमता हुन आवश्यक छ ? | २७ |
| प्रश्न नं. १३ | छाला भित्र दिईने रेविज खोपको मात्रा ज्यादै कम भएकोले कसरी काम गर्छ ? के यसले रेविजको जोखिमवाट पूर्णरुपले वचाउँछ ? | २८ |
| प्रश्न. नं. १४ | रेविज ईम्युनोग्लोवुलीन भनेको के हो ? र यसको प्रयोग कसरी गरिन्छ ? | २८ |
| प्रश्न. नं. १५ | के घोडावाट निर्मित ईम्युनोग्लोवुलिन प्रयोग गर्दा छालामा परिक्षण गर्न आवश्यक छ ? | २९ |
| प्रश्न. नं. १६ | रेविज ईम्युनोग्लोवुनि सुई दिन भन्दा अगाडि अपनाउन पर्ने सावधानी के के छन् ? (के के सावधानी अपनाउन पर्दछ ? | ३० |
| प्रश्न. नं. १७ | रेविज विरुद्धको खोप दिएका विरामीहरुमा यो रोग विरुद्ध प्रतिरोधात्मक शक्ति (एण्टिवडी) विकाश भएको छ कि छैन भनि परिक्षण गर्न आवश्यक छ ? | ३२ |
| प्रश्न. नं. १८ | रेविज खोपको नकारात्मक असरहरु छन् ? | ३२ |
| प्रश्न. नं. १९ | रेविज विरुद्धको खोप लिईरहेको समयमा खान नहुने औषधीहरु वा खानाहरु छन् ? | ३३ |
| प्रश्न. नं. २० | एक प्रकारको रेविज खोप प्रयोग भईरहेकोमा अन्तिम २ मात्रा त्यही प्रकारको खोप पाईएन भने खोपको किसिम वा खोप दिने विधि परिवर्तन गर्न हुन्छ की हुदैन् ? | ३३ |
| प्रश्न. नं. २१ | के खोपको पुरा मात्रा लिई सकेपछि यसले काम गर्न नसक्ने सम्भावना हुन्छ ? | ३३ |
| प्रश्न. नं. २२ | यदि पहिल्यै खोप लगाईसकेको व्यक्तिलाई वहुला कुकुरले टोकेमा पुनः खोप लगाउने तालिका कस्तो हुन्छ ? | ३४ |

# रेबिज

## रोग सम्बन्धि प्रश्नोत्तर

# भाग : १ सर्वसाधारणको लागि

## प्र. नं. १ रेविज भनेको के हो ?

रेविज जनावरहरुवाट मानिसमा सर्ने विषाणुवाट हुने रोग हो । यस रोगमा दुई किसिमका लक्षणहरु देखा पर्दछन । उत्तेजक र पक्षघात । सामान्यतया धेरै जसो विरामीहरुमा उत्तेजक किसिमका लक्षणहरु देखा पर्दछन ।

## प्र. नं. २ रेविज रोग कसरी सर्दछ ?

रेविज रोगको विषाणुले स्नायू प्रणालीमा असर गर्दछ । यो रोग खासगरिकन रोगी जनावरले टोकेको अवस्थामा र्‍यालको माध्यमवाट सर्दछ । रेविज रोग लागेर वहुलाएको जनावरहरुको घाउ चाटेमा वा च्यातिएको छाला वा मुखमा र नाकमा र्‍याल परेमा पनि रोग सर्न सक्तछ ।

दक्षिण पूर्वी एशियाका मानिसहरुमा ९६ प्रतिशत रेविज रोग कुकुरको टोकाईवाट सर्ने गरेको पाईएको छ। यसको अलावा अन्य जनावरहरु जस्तै विरालो, न्याउरी मुसा, स्याल, व्वांसो, फ्याउरो र अन्य मांसाहारी जनावरहरुको टोकाईवाट पनि रोग सर्ने गरेको रिर्पोटहरु छन् । तर वांदर र मुसाहरुवाट विरलै सर्ने सर्दछ । रेविज रोग लागेका घोडा र गधाहरु वढी उत्तेजित हुन्छन् र नराम्रोसंग टोक्दछन् । रेविज रोग लागेका गाई, भैसीहरुले टोक्दैनन् तर र्‍याल चुहाईरहेका विरामी पशुहरु जांच्दा सावधानी अपनाउनु पर्दछ ।

कहिले काही पशु धनीहरु रेविज रोगलाई खोरेत, भ्यागुते वा चोकि भनि झुक्किएर हातले औषधि खुवाउने कोशिस गर्दा रेविज रोग सर्न सक्दछ । रेविज रोग लागेको जनावरको दुध खाएर मानिसहरुमा रोग सरेको प्रमाण हालसम्म पाईएको छैन् ।



रेविज रोग लागेका जनावरहरु वध गर्ने र रोगी पशुहरुको गिदी वा अन्य संक्रमित अंगहरुसंग लसपस हुने व्यक्ति वा पेशाकर्मीहरुलाई रोग सर्ने सम्भवना हुन सक्दछ । तर पकाएको मासु खाएर मानिसमा यो रोग सरेको प्रमाण भेटिएको छैन् । रेविज रोग लागेर मरेका मानिसहरुको आंखा (कोर्निया) स्वस्थ मानिसमा प्रत्यारोपण गर्दा रोग सर्ने सम्भावना कम भएता पनि आंखा (कोर्निया) वा अन्य अंगहरु प्रत्यारोपण गर्दा रोग सरेको पाईएको छ । तसर्थ रेविज वा रेविज जस्तै संकास्पद रोग लागेर मरेका रोगीहरुको कोर्निया वा अरु अंगहरु प्रत्यारोपण को लागि जम्मा गर्न वा प्रयोग गर्न हुदैन् । रेविज रोग लागेका रोगीहरुले अरु मानिसहरुलाई टोक्ने सम्भावना नभएता पनि हेरचाह गर्ने मानिसहरु यस वारे सजग र होसियार हुन पर्दछ र रोगीको र्‍यालको संसर्गमा आउन हुँदैन् ।

## प्र. नं. ३ जनावरहरुले टोकेको घाउको उपचार कसरी गर्ने ?

यदी कुनै मानिसलाई जनावरले टोकेमा

- घाउलाई तुरुन्तै १० देखि १५ मिनेट सम्म सावुन पानीले राम्ररी सफा गर्नु पर्दछ। यदि सावुन पाईएन भने पानीले मात्रै पनि पखाल्न पर्दछ । यो नै रेविज विरुद्धको सवभन्दा प्रभावकारी प्राथमिक उपचार हो।
- उपलव्ध भएमा घाउलाई ७० प्रतिशत अल्कोहल ईथानोल वा पोभिडोन आयोडिनले राम्रो संग सफा गर्नु पर्दछ।
- जनावरले टोकेको व्यक्तिलाई सकेकम्म चांडै थप उपचारको लागि स्वास्थ्य केन्द्र वा निजि ल्किनिकमा लानु पर्दछ।

## प्र. नं. ४ जनावरले टोकेको घाउमा के गर्न हुदैन ?

- चर्‍याउने जस्तै खुर्सानीको धुलो, वोट विरुवाको पात वा मुन्टाको रस, अम्ल वा क्षार प्रयोग गर्न हुँदैन।
- ड्रेसिङ्ग वा व्याण्डेज गर्ने कपडाले ढाक्न हुँदैन।

## प्र. नं. ५ मानिसमा रेविज रोगको विकास कसरी हुन्छ ?

रेविजको विषाणु मानिसको शरीरभित्र प्रवेश गरे पछि छाला मुनिको भित्रि तन्तु (सवक्यूटानियस टिस्यु) र मांसपेशी हुँदै गिदी र सुषुम्ना नाडी भन्दा वाहिरका नशाहरुमा पुग्दछन।

यी विषाणुहरु प्रतिदिन अन्दाजी १२ देखि २४ मिलिमिटर का दरले सर्दै सुषुम्ना नाडी र गिदिमा पुग्दछन। विषाणु गिदिमा पुगेपछि संक्रमित व्यक्तिको स्वभावमा परिवर्तन हुनुको साथै रोगका लक्षणहरु देखा पर्दछन। रोगको ओथारो अवघि केहि दिन देखि केहि महिना वा एक वर्षसम्म पनि हुन सक्दछ ।

## प्र. नं. ६ रेविज रोगको विकासमा असर गर्ने तत्वहरु के के हुन् ?

रेविज रोगको विकासलाई प्रभाव पार्ने तत्वहरुः

- सम्पर्कको किसिम।

- टोकाईको किसिम ।
- रेविज विषाणुको मात्रा ।
- टोक्ने जनावर र त्यसको अवस्था ।
- टोक्ने जनावरको रोग प्रतिरोधक क्षमता ।
- टोकेको ठाउं – टाउको, घांटी र स्नायू कोषहरु वढी भएका भागहरु जस्तै औंलाहरुमा टोकेमा रोगको ओथारो अवधि छोटो हुन्छ ।

## प्र. नं. ७ कुकुर र विरालोहरुमा रेविज रोगको लक्षण देखिन कति समय लाग्दछ ? रेविज लागेको जनावर कति समयसम्म वांच्न सक्दछ ?

रेविज रोग देखा पर्ने अवधि (ओथारो अवधि) केहि दिन देखि धेरै महिना सम्म हुन सक्दछ तर लक्षण देखिएपछि मृत्यु सम्मको अवधि १ देखि ७ दिन सम्मको हुन सक्दछ ।

## प्र. नं. ८ कुकुरमा देखिने रेविज रोगका लक्षणहरु के के हुन् ?

रेविज रोग लागेको कुकुरमा देखिने प्रमुख लक्षण नै सामान्य वानी व्यहोरामा परिवर्तन देखा पर्नु हो जस्तै :

- विना कारण टोक्ने ।
- अस्वभाविक वस्तुहरु जस्तै लठ्ठी, कांटी, दिशा आदि खाने ।
- बिना कारण जथाभावी दौडने ।
- स्वरमा परिवर्तन आउने जस्तै घोक्रे स्वर निकालेर भुकिरहने वा स्वर निकाल्न नसक्ने ।
- अत्यधिक र्‍याल काढ्ने वा मुखको च्यापवाट फिज आउने, तर पानी देखि नडराउने ।

## प्र. नं. ९ मानिसमा रेविज रोगका लक्षणहरु के के हुन्छन् ?

रेविज रोग लागेको मानसिमा देखिने लक्षणहरुः

- टोकेको घाउ भएको भाग दुख्ने र चिलाउने (८० प्रतिशत भन्दा वढि केशमा )

- २ देखि ४ दिन सम्म ज्वरो आउने, टाउको दुख्ने, शरीरका मांसपेशी दुख्ने ।
- पानी देखि डराउने ।
- हल्ला वा ठुलो आवाजवाट तर्सने, चम्किलो, उज्यालो वा हावा सहन नसक्ने ।
- मृत्युसंग डराउने ।
- रिसाउने, कहिले कांहि उत्तेजित भई झम्टने र कहिले चुपचाप शान्त भई वस्ने ।
- बढि उत्तेजित हुने ।
- रोगको पछिल्लो अवस्थामा पानी देख्नासाथ घांटी तन्काउने ।
- यो अवस्था २ देखि ३ दिन सम्म रहन सक्छ । तर राम्रो हेरचाह गरेको रोगीमा ५ देखि ६ दिन वा वढि समयसम्म पनि रहन सक्दछ ।

## प्र. नं. १० के रेविज रोग लागेका रोगीहरुको उपयुक्त उपचार हुन्छ ?

रेविज रोगका लक्षणहरु देखा परिसकेपछि यसको उपचार संभव छैन् । यस्तो अवस्थामा रोगीलाई भौतिक दुःख र मानसिक चिन्तावाट मुक्त गराई आरामसंग राख्न वाहेक अरु केहि गर्न सम्भव छैन् ।

- बिरामीको हेरचाह गर्ने व्यक्तिले रोगीको टोकाईका साथै घाउहरुलाई र्‍यालवाट वचाउन व्यक्तिगत सरसफाई वा सुरक्षाका उपायहरु सदैव अपनाउने ।
- रोगीलाई मधुरो उज्यालो भएको शान्त कोठामा राख्ने, उसलाई उत्तेजित गराउने वातावरण जस्तै धेरै ठुलो हल्ला वा आवाज र चिसो हावा (मासपेशीलाई खुम्च्याउने र तन्काउने गरी वेचैन गराउछ) वाट वचाउने ।
- औषधिहरु जस्तै डाईजीपाम १० मिलिग्राम प्रत्येक ४ देखि ६ घण्टामा र यसको साथमा क्लोरप्रोमाजिन ५० देखि ६० मिलिग्राम

वा आवश्यक परेमा मर्फिन नशावाट दिएर छटपटि नियन्त्रण गर्ने ।

- कुनै पनि चिजहरु मुखवाट खुवाउन असम्भव प्राय हुने हुंदा तरल पदार्थहरु मात्र नसावाट दिने ।

## प्र. नं. ११ के रेविज रोग सधैं प्राणघातक हुन्छ ?

मनिसमा हुने रेविज रोग शत प्रतिशत प्राणघातक रोग हो । यसको भरपर्दो उपचार पद्दति संसारमा कतैपनि उपलव्ध छैन् ।

आजसम्म संसारमा सात जना रेविजका रोगीहरु वांचेका रेकर्ड पाईएको छ । तर उनीहरु सवै जसोले टोकाई पूर्व रेविज रोगवाट वच्नको लागि गरिने खोप लगाएका थिए । यसले रोगको वाटो परिवर्तन गरी विषाणुको असर कम गरेर वचाएको हुन सक्दछ । एउटैमात्र रोगी जसलाई चमेरोले टोकेको थियो उसलेमात्रै टोकाई पूर्व दिईने खोप लगाएको थिएन् । तर त्यो रोग पनि ल्काशिकल रेविजको विषाणुवाट भएको थिएन् ।



## प्र. नं. १२ के टोक्ने कुकुर वा विरालोलाई १० दिन समम निगरानीमा राखि घाउको उपचार नगरी वस्न ठिक हो ?


होईन । त्यस्ता देशहरु जहां कुकुर र विरालोमा रेविजको प्रकोप धेरै छ त्याहां तुरुन्तै उपचार शुरु गर्ने र १० दिन सम्म टोक्ने कुकुर वा विरालोलाई निगरानीमा राख्नु पर्दछ । १० दिनसम्म पनि ती कुकुर वा विरालो स्वस्थ्य पाईएमा टोकाई पछाडि दिईएको खोपलाई टोकाई अगाडि दिईने खोप तालिकामा वदल्न सकिन्छ जसले पछिको टोकाईवाट वचाउंछ ।

## प्र. नं. १३ कस्तो अवस्थामा टोकेको मानिसले रेविज विरुद्धको खोप लिनु पर्दछ ?

यदि रेविज रोग लागेको वा रेविज रोगको शंकालागेको कुकुर, विरालो वा अन्य जनावरहरुले टोकेमा अनिवार्य रेविजको खोप लगाउन पर्दछ ।

निम्न अवस्थामा टोकी सके पछि रेविज विरुद्धको खोप लगाउन पर्दछ ।

- यदि टोकाईले छाला फुटेको छ र रगत वगिरहेको छ भने,
- यदि संकास्पद जनावरको र्‍याल शरिरको विभिन्न झिल्ली (म्युकस मेम्व्रेन) को सम्पर्कमा आएमा,
- यदि टोक्ने जनावरलाई मारेमा,
  - निगरानी अवधिमा हराएमा,
  - अस्वभाविक वानी व्यहोरा देखिएमा,
  - प्रयोगशाला परीक्षणवाट टोक्ने जनावरको गिदीमा रेविजको विषाणु पाईएमा,




## प्र. नं. १४ खोप लगएको कुकुरले टोक्यो भने रेविज विरुद्धको खोप लगाउन पर्छ की पर्दैन ?

पर्दैन् । यदि प्रयोगशाला परिक्षणवाट प्रमाणित भएको खोप त्यो कुकुरलाई ठिक तरिकाले लगाएको छ भने पर्दैन अन्यथा उपयुक्त खोप दिनु जरुरी हुन्छ ।

## प्र. नं. १५ यदि मलाई मुसाले टोक्यो भने, मैले टोके पछाडि लगाउने खोप लगाउन पर्छ की पर्दैन ?

दक्षिण एशियाका केहि देशहरुले मुसावाट मानिसमा रेविज रोग सरेको रिपोर्ट गरेका पाईन्छ तर यो विरलै हुन्छ । तसर्थ घरयासी मुसाहरुले टोकेमा टोकाई पछाडि दिईने रेविज विरुद्धको खोप दिन आवश्यक छैन् । तर जंगली मुसा वा मुसा प्रजातीका जनावरले टोकेमा सरुवा रोग विशेषज्ञको सल्लाहमा टोकाई पछाडि दिईने खोप लगाउन उपयुक्त हुन्छ ।

## प्र. नं. १६ यदि मलाई चमेरोले टोकेमा के गर्नु पर्दछ ?

दक्षिण पूर्वी एशिया क्षेत्रमा चमेरोको टोकाईवाट मानिसमा रेविज रोग सारेको प्रमाणित रिपोर्ट छैन् । यद्यपी थाईल्याण्डमा चमेरोहरुमा रेविज विरुद्धको एण्टिवडी पाईएको रिपोर्टहरु छन् । तसर्थ तिनिहरुले टोक्नासाथ घाउलाई राम्रोसंग सफा गर्ने र सरुवा रोग विशेषज्ञहरुसंग सल्लाह लिनु पर्दछ। विरामी वा मरेको चमेरोलाई चलाउन वा लसपस गर्नु हुँदैन् ।

## प्र. नं. १७ यदि रेविज रोगवाट संक्रमित जनावरको दुध वा दूधजन्य पदार्थ खाएमा टोकाई पछाडि दिईने रेविज विरुद्धको खोप लिनु पर्छ ?

पर्दैन् । रेविज रोगवाट संक्रमित जनावरहरुको दुध वा दुधजन्य पदार्थहरु खाएर रेविज रोग सरेको प्रयोगशाला वा ईपिडेमियोलोजिकल प्रमाण छैन्। तापनि रेविज रोग लागेका जनावरहरुको दूध सेवन नगर्न राम्रो हुन्छ ।

## प्र. नं. १८ के संक्रमित जनावरको मासु खानाले रेविज रोग सर्दछ ?

संक्रमित जनावरको कांचो मासु खाएमा टोकाई पछाडिको सुई लगाउन जरुरी छ। राम्रोसंग पकाएको मासुवाट रेविज रोग सर्दैन्। यद्यपी रेविज रोगवाट संक्रमित जनावरहरुको मासु सेवन नगर्न राम्रो हुन्छ।

## प्र. नं. १९ के मानिसमा एक मात्रा मात्र रेविज विरुद्ध खोप लगाएर जीवनभर प्रतिरोधात्मक शक्ति प्रदान गर्न सक्ने सुई छ ?

छैन्। विश्वमा एक मात्रा मात्र रेविज विरुद्ध खोप दिएर जीवन भरी प्रतिरोधात्मक शक्ति प्रदान गर्ने खोप पाईदैन्। एक पटकमात्र दिए पुग्ने खोप पाईन्छ तर त्यसले निश्चित समयको लागिमात्र प्रतिरोधात्मक शक्ति प्रदान गर्दछ।

## प्र. नं. २० के रेविज विरुद्धको खोपवाटै रोग सर्न सक्ने सम्भवना छ ?

छैन् । मानिसमा प्रयोग गरिने सम्पूर्ण खोपहरु इर्नएक्टीभेटेड हुन् र मानिसमा प्रयोग गरिने रेविज खोपको गुणस्तर नियन्त्रणको लागि

विभिन्न किसिमका परीक्षणहरु जस्तै पोटेन्सी, टक्सीसीटी, सेफ्टी, स्टेरीलीटी गरिन्छन् । यसर्थ रेविज खोपवाटै रोग लाग्न सक्ने सम्भावना रहँदैन ।

## प्र. नं. २१ रेविज रोगको रोकथाम र नियन्त्रणको लागि के गर्न सकिन्छ ?

- पशु चिकित्सक वा पशु स्वास्थ्यकर्मीहरुको सिफारिस अनुसार पाल्तु कुकुर वा विरालोहरुलाई नियमित खोप लगाउनु पर्दछ ।
- कुकुरमा रेविज खोप दिएको प्रमाण पत्र सुरक्षित साथ राख्नु पर्दछ र वार्षिक खोप लगाउदा देखाउनु पर्दछ ।
- रेविज रोग लागेको वा रोगको शंका भएको गाई वा भैसीको दुध र मासु वेच्न र खान हुदैन ।

## प्र. नं. २२ पाल्तु कुकुरहरुलाई रेविज रोग विरुद्ध दिईने सुईको तालिका कस्तो हुन्छ ?

साधारणतया कुकुरका छाउराहरु रेविज रोग विरुद्धको खोप लगाईएका माउहरु राख्ने विश्वाशिलो विक्रेताहरुवाट किन्ने गरिन्छ । यि छाउराहरुमा माउवाट प्राप्त रेविज विरुद्धको प्रतिरोधात्मक शक्ति तीन



महिना सम्म रहन्छ। तसर्थ पहिलो खोप ३ महिनाको उमेरमा गर्ने र नौ महिनाको उमेरमा पुनः खोप दिने, त्यस पछि प्रत्येक वर्ष खोप लगाउने। छाउराहरु र माउहरुलाई खोप लगाउन भन्दा अगाडि नियमित रुपमा जुका नाशक औषधी दिनु पर्दछ।

यदि छाउराहरु सडकवाट उठाईएका हुन् भने पनि माथि उल्लेख गरे अनुसार रेविज खोप लगाउनु पर्दछ। पहिलो खोप ३ महिनाको उमेरमा दोश्रो ९ महिनाको उमेरमा र प्रत्येक वर्ष एक मात्रा लगाउने। विकल्पको रुपमा पहिलो खोप २ महिनाको उमेरमा पनि दिन सकिन्छ। छाउराहरुको तिन महिनाको उमेरसम्म विशेष सावधानी अपनाउन पर्दछ।

यदि जवान कुकुरहरु सडकवाट उठाएर घरमा पाल्न ल्याईएका छन भने यथासिघ्र पहिलो खोप दिन पर्दछ र स्थानीय पशु चिकित्सकसंग सल्लाह लिन पर्दछ।

# भाग: २ स्वास्थ्यकर्मीहरुको लागि

## प्र. नं. १ जनावरको टोकाईको उपचार कसरी गर्ने ?

- टोकेको घाउलाई सकेकम्म चाँडै १० देखि १५ मिनेट सम्म सावुन र पानीले धुनु पर्दछ ।यदि सावुन पाईएन भने पानीले मात्रै भएपनि पखाल्नु पर्दछ । यो नै रेविज विरुद्धको सवभन्दा प्रभावकारी प्राथमिक उपचार हो।
- स्वास्थ्य सेवाकेन्द्रमा गएर घाउलाई ७० प्रतिशतको अल्कोहलले वा पोभिडोन आयोडिन सोलुसनले राम्रोसंग सफा गर्नु पर्दछ।
- जनावरले टोकेको व्यक्तिले विगतमा दिएको खोपहरु जस्तै डिप्थेरीया, परटुसिस् टेटानस् वा टेटानस टक्स्चाईड्वारे जानकारी लिने। आवश्यक परेमा टेटानस टक्स्चाईड खोप दिन पर्दछ।

- संभावित जिवाणुको संक्रमण रोक्नकोलागि एन्टिमाईक्रोवियल्स सिफारिस गर्न पर्दछ ।

## प्र. नं. २ जनावरले टोकेको घाउमा के गर्न हुदैन ?

**गर्न नहुने कामहरु :**

- घाउलाई कुनै ड्रेसिङ्ग गर्ने वस्तुले वा व्याण्डेजले छोप्न ।
- घाउमा टाँका लगाउन,यसले रेविजका विषाणुलाई फैलन मद्दत गर्दछ ।
  - यदि घाउ ठुलो छ र वन्द गर्न आवश्यक छ भने रेविज ईम्युनोग्लोवुलीनको सुई दिएर मात्रै टाँका लगाउन पर्दछ । मानव निर्मित ईम्युनोग्लोवुलीन महङ्गो हुनाको साथै सिमित मात्रामा मात्रै पाईन्छ । घोडावाट निर्मित रेविज ईम्युनोग्लोवुलीन धेरै देशहरुमा पाईनुका साथै मानववाट निर्मित ईम्युनोग्लोवुलीन भन्दा सस्तो पनि हुन्छ ।
  - घाउको टाँका खुकुलो हुनु पर्दछ र घाउवाट रगत र अन्य पदार्थहरु वहने प्रकृयालाई वाधा पुऱ्याउन हुदैन । दोश्रो पटक घाउमा लगाउने टाँकाले घाउको खत वा नराम्रो दाग वस्नवाट रोकथाम गर्ने कुरा सिद्ध भईसकेको छ ।

## प्र. नं. ३ जनावरको टोकाई पश्चात दिनु पर्ने रेविज विरुद्धको सुई कुन कुन अवस्थामा दिन पर्दछ ?

रेविज रोग सम्वन्धी विश्व स्वास्थ्य संगठनको विशेषज्ञ कार्यशाला सन २०१३ वाट टोकाईको आधारमा रोगको जोखिमलाई तल दिईएको तालिका अनुसार वर्गिकृत गरिएको छ र सोही आधारमा रेविज रोग विरुद्धको खोप दिन सिफारिस गरिएको छ ।

**तालिका नं १ : रेविज रोगको जोखिम निर्धारण र खोप लिन पर्ने अवस्थाहरु[1]**

| जोखिमको श्रेणी | टोकाईको प्रकार घरेलु वा जंगली[2] जनावर रेविजको संकास्पद वा प्रमाणित वा परिक्षणको लागि जनावर उपलब्ध नभएको | सिफारिस गरिएको रेविज खोपको मात्रा वा उपचार |
|---|---|---|
| **पहिलो** | कुनै जनावरलाई छोएमा वा खुवाएमा,<br>घाउ खटिरा नभएको छालामा जनावरले चाटेमा,<br>घाउ खटिरा नभएको छालामा रेविज लागेको जनावर वा रेविज लागेको मानिसको र्‍याल वा अन्य श्राव परेमा, | ति सूचना सहि भएमा कुनै खोप वा उपचारको आवश्यकता नपर्ने । |
| **दोश्रो** | जनावरले छालामा सामान्य चिथोरी घाउ भएमा<br>छालावाट रगत आएको हो कि होईन जस्तो गरी टोकेमा । | तुरुन्त रेविज विरुद्धको खोप लिन थाल्ने[3]<br>यदि टोक्ने जनावर १० दिन सम्म[4] वांचेमा वा प्रयोगशालावाट रेविज लागेको छैन भनि प्रमाणित भएमा वाकी खोप लिन पर्दैन् । |
| **तेश्रो** | एक ठाउं वा धेरै ठाउंमा छाला छेडिने[5] गरी घाउ पारेमा,<br>च्यातिएको वा फुटेको छालामा चाटेमा,<br>र्‍याल, म्युकस मेम्व्रेनमा परेमा वा चाटेमा,<br>चमेरोको सम्पर्कमा आएमा[6], | तुरुन्तै रेविज विरुद्धको खोप लगाउने र खोप शुरु गरे पछाडि जतिसके चांडो रेविज ईमयुनोग्लोवुलीन को सुई दिने । रेविज ईमयुनोग्लोवुलीन पहिलो खोप लगाएको ७ दिन भित्रमा दिन सकिन्छ । यदि टोक्ने जनावर १० दिन निगरानी अवधिभर वांचेमा वा प्रयोगशाला वाट रेविज लागेको छैन भनि प्रमाणित भएमा वांकि खोप लिन आवश्यक छैन् । |

१ विश्व स्वाधक प्रस्थ्य संगठन (२०१३): विश्व स्वास्थ्य संगठन रेविज विशेषज्ञ कार्यशाला, विश्व स्वास्थ्य संगठन को प्रावितिवेदन, सिरिज ६८२, दोश्रा प्रतिवेदन, जेनेभा ।

२ न्याउरी मुसा वाहेक मुसा जाति, खरायो वा गिनिपिगका टोकाईमा रेविज विरुद्धको खोप लिन आवश्यक छैन् ।

३ यदि रेविजवाट कम प्रभावित क्षेत्रमा स्वास्थ्य कुकुर वा विरालोले टोकेमा ती जनावरहरुलाई अवलोकन् गरी उपचारलाई विलम्व गर्न सकिन्छ ।

४ अवलोकन अवधि कुकुर तथा विरालो जातिका जनावरहरुमा मात्र लागुहुन्छ । संरक्षित वा लोपोन्मुख जनावर वाहेक अन्य घरेलु तथा जंगली जनावरहरुमा रेविजको शंका लागेमा तिनलाई मानवीय तरिकावाट मारेर तिनका स्नायु तन्तुहरुको उपयुक्त प्रयोगशाला प्रविधिवाट रेविजको विषाणु छ । छैन भनि परिक्षण गर्न पर्दछ ।

५ टाउको, घांटी, अनुहार, हातका औंलाहरु र प्रजनन अंगहरुमा हुने टोकाईलाई तृतीय श्रेणीको टोकाई को रुपमा लिन पर्दछ । किनिकी त्याहा स्नायु नशाहरुको जालो अत्यधिक हुन्छ ।

६ यदि चमेरो र मानिसको सम्पर्क भएमा पनि विशेषज्ञको सल्लाह अनुसार रेविज विरुद्धको खोप लिनु पर्दछ ।

## प्र. नं. ४ रेविज विरुद्ध दिईने खोपको सुरक्षण र क्षमता प्रयोग गर्न भन्दा अगाडि सम्म सुरक्षित राख्न भण्डारण कसरी गर्न पर्दछ ?

आधुनिक रेविज विरुद्धको खोपहरु फ्रिज ड्राईड हुन्छन् र तिनको स्थिरता प्रयोग गर्न सकिने समयावधि लामो हुन्छ। खोपलाई रेफ्रिजेरेटरमा २ देखि ८ डिग्री सेन्टीग्रेड तापक्रममा भण्डारण गर्नु पर्दछ। सुई लगाउन तयार गरिएको खोप सकेसम्म चांडो प्रयोग गर्नु पर्दछ किनकि यो एक मात्रामा एकै पटक दिन पर्ने खोप हो। यदि छाला मुनि दिईने सुई हो भने दिन तयार पारीएको सुईलाई २ देखि ८ डिग्री सेन्टीग्रेड तापक्रममा संचय गरी ६ घण्टा भित्र प्रयोग गरी सक्नु पर्दछ।

## प्र. नं. ५ के गर्भवती महिला वा स्तनपान गराईरहेका आमाहरुलाई रेविज विरुद्धको खोप र ईम्युनोग्लोवुलीन दिन सकिन्छ ?

सकिन्छ। सवै आधुनिक रेविजका खोपहरु निस्कृय, सुरक्षित र प्रभावकारी हुन्छन र गर्भवती महिलाहरु र स्तनपान गराईरहेका आमाहरुलाई दिन सकिन्छ। यसले गर्भवती महिलाहरुको भ्रुण विकाश र स्तन पान गराईरहेको वच्चाहरुमा नकारात्मक असर गर्दैन्। रेविज विषाणुले गर्भवती महिलाको साल नाल मार्फत वच्चामा संक्रमण नगर्ने हुनाले रेविजको संक्रमण भएको महिलावाट पनि स्वस्थ्य वच्चाहरु (नवजात शिशुहरु) जन्मन्छन् र यसकोलागि शल्यकृया गर्न उपयुक्त हुन्छ।

## प्र. नं. ६ दक्षिण पूर्वी एशिया क्षेत्रका रेविज प्रभावित देशहरुमा कस्ता किसिमका रेविज खोपहरु प्रयोग गरिन्छन् ?

रेविज विरुद्ध प्रयोग गरिने खोपहरुलाई उत्पत्तिको आधारमा निम्नानुसार वर्गिकरण गर्नसकिन्छ

- तन्तु कोषमा वनाईएको।
- चल्लाकाढ्ने अण्डामा वनाईएको।

आधुनिक रेविज खोपहरुमा ह्युमनडिप्लोईड सेल खोप, प्युरिफाईड भेरो सेल रेविज खोप, प्युरिफाईड चिक एम्ब्रीयो सेल खोप र प्युरिफाईड डक एमब्रीयो खोप वजारमा पाईन्छन् । विश्व स्वास्थ्य संगठनले छाला भित्र दिईने रेविज भ्याक्सीनको तालिका अनुसार खोप लगाउनको निमित्त देशहरुलाई प्रोत्साहन गरिरहेको छ । यसरी छाला भित्र दिईने खोपहरु सुरक्षित र प्रभावकारी छन् साथै यसले खोपको पहुच, उपलव्धता र क्रय शक्तिलाई सहज पार्दछ ।

## प्र. नं. ७ आधुनिक रेविज खोपहरु प्रयोग गर्दा हुने फाईदाहरु के के छन ?

आधुनिक रेविज खोपहरु अति नै प्रभावकारी, सुरक्षित र लामो समयसम्म प्रतिरोधात्मक शक्ति दिने किसिमका हुन्छन । जुन रेविज रोगको लामो ओथारो अवधिलाई विचार गर्दा महत्वपूर्ण हुन्छ ।


- यी खोपहरु फ्रिजड्राईड रुपमा उपलव्ध हुने हुनाले यसको प्रयोग गर्न सकिने अवधि लामो र स्थिर रहन्छ ।
- यी खोपहरु सीसीमा पाईन्छन् र एक पटक प्रयोग गरि सकेपछि फाल्ने सिरिन्ज र सुईमा मिसाउने पानी सहित उपलव्ध छन् । यी सुईहरु मानिसको मासु भित्र दिईन्छ ।
- यी खोपहरु उच्च जोखिममा पर्ने समुहहरु जस्तै वालवालिकाहरु र जनावरहरुको रेखदेख गर्ने व्यक्तिहरुलाई रेविज रोगको जोखिममा पर्नु पूर्वको तालिका अनुसार दिन सकिन्छ ।
- यी खोपहरु रेविज लागेको वा रेविजको शंका गरिएका जनावरहरुको टोकाई पश्चात पनि दिईन्छ ।
- एउटा व्यक्तिलाई रेविज रोग विरुद्धको खोप यस रोगको जोखिममा पर्न पूर्व वा परिसकेपछि दुवै अवस्थामा दिन सकिन्छ । यस रोगको खोपको थप मात्रा दिदा मेमोरी कोषहरुलाई पूनर्ताजगी गरि थप रोग प्रतिरोधात्मक शक्तिको चांडो विकाश गर्दछ ।

## प्र. नं. ८ विश्व स्वास्थ्य संगठनवाट सिफारिस भएका रेविज खोपहरु कुन कुन हुन् ?

बिश्व स्वास्थ्य संगठनले पूर्व सूचीकृत गरेको रेविजका खोपहरु अन्तराष्ट्रिय बजारमा उपलव्ध छन् । तर ती सबै खोपहरु मासुमा मात्र दिने किसिमका छन् ।

बिश्व स्वास्थ्य संगठनले उसको सिफारीसको आधारमा छाला भित्र दिनु पर्ने सुरक्षित र प्रभावकारी खोपको सूची पनि राखेको छ ।

बिश्व स्वास्थ्य संगठनले राम्रो उत्पादन कार्यविधिहरुको अवलम्बन गर्न र खोपको गुणस्तर सुनिश्चित गर्न औषधि तथा खोप उत्पादन गर्ने कम्पनीहरुलाई संगठनको पूर्ब सूचीकृत गर्ने प्रकृयामा जान प्रोत्साहन गर्दछ ।



## प्र. नं. ९ रेविज रोग विरुद्ध दिईने खोप तालिकाको मापदण्ड के हो ?

आधुनिक रेविज विरुद्ध दिईने खोपहरु रोगको जोखिममा पर्नु पूर्व र परिसके पछि दिईन्छ । तसर्थ खोपको तालिका पनि सोहि अनुसार निर्धारण गरिन्छ ।

**रेविजको जोखिममा पर्न पूर्व दिईने तालिका :**

*मासु भित्र दिईने खोप तालिका :* एक पटकमा एक मात्रा खोप ०, ७ र २१ वा २८ दिनमा दिईन्छ ।

*छाला भित्र दिईने खोप तालिका :* प्रत्येक पटक खोपको एक मात्रा (०.१ मिलिलिटर) ०, ७ र २१ व २८ दिनमा दिईन्छ । तर खोपको वचत वढाउनको लागि सुई लगाउन तयार पारिएको खोप ६ घण्टा भित्र सकिने संख्यामा विरामीहरु हुनु पर्दछ ।

३ मात्रा  ३ पटक आउने जाने
मासु भित्र वा छाला भित्र प्रत्यक दिन एक मात्रा
० दिन,७ दिन र २१ वा २८ दिनमा दिने ।

० दिन भन्नाले पहिलो खोप लगाएको दिन लाई जनाउदछ । तसर्थ जनावरले टोकेको पहिलो दिन नहुन पनि सक्दछ ।

**रेविजको जोखिम पश्चात दिईने तालिका :**

यसका लागि तीन प्रकारका तालिका सिफरिस गरिएका छन् ।

**क) ५ मात्राको सट्टा ४ मात्रा मात्र मासु भित्र दिईने तालिका (ईसेन प्रोटोकल)**

०, ३, ७, १४, र २८ औं दिनमा एक एक मात्रा खोप मासु भित्र दिईन्छ । यो सुई हातको पाखुराको माथिल्लो भागमा दिन पर्दछ वा साना वालवालिकाको तिघ्राको वाहिर पट्टिको मासुमा दिईन्छ । यो खोप पुठ्ठा वा नितम्वको मासुमा कदापी दिन हुंदैन् किनकि त्यांहा वाट खोप शरीरभित्र सोसिने प्रकृया अनिश्चित हुन्छ ।

मथिको ५ मात्रा लाई ४ मात्रामा घटाएर रेविज ईम्युनोग्लोवुलीन संग दिईएको खण्डमा पर्याप्त मात्रामा प्रतिरोधात्मक शक्तिको विकाश हुन्छ र पांचौं मात्राको खोपले खासै थप उपयुक्त प्रतिफलहरु दिदैन भन्नेकुरा रोग नियन्त्रण तथा रोकथाम केन्द्र, एटलाण्टा संयुक्त राज्य अमेरिकाले गरेको अध्ययनले देखाएको छ। यस वमोजिम मासु भित्र खोपको एक एक मात्रा ०, ३, ७ र १४ दिन भित्र दिईन्छ।

**पूर्ण एसेन मात्रा ५ पटक आउने जाने** (रेविज ईम्युनोग्लोवुलीन संग वा वाहेक),
प्रत्येक दिन मासुमा एक मात्रा ०, ३, ७, १४ र २८ औं दिन मा छोटो एसेन मात्रा (चार पटक जाने आउने ४ मात्रा रेविज ईम्युनोग्लोवुलीनको साथ वा वाहेक।

प्रत्येक दिन मासुमा एक मात्रा ०, ३, ७ र १४ औं दिनमा।

रोगसंग लडने क्षमता कम भएका व्यक्तिहरुमा जोखिम पश्चात मासुमा दिने खोप ५ मात्रानै दिनु पर्दछ।

खोपको पहिलोमात्रा रेविज रोगको जोखिममा पर्नासाथ चाडो भन्दा चांडो लगाउनु पर्दछ।

० दिन भन्नाले खोपको पहिलोमात्रा लगाएको दिन लाई सम्झनु पर्दछ। यो दिन जनावरले टोकेको पहिलो दिन नहुन पनि सक्दछ।

### ख) मासु भित्र एक भन्दा वढि भागमा खोप दिईने तरिका (जाग्रेव प्रोटोकल) : ४ मात्रा खोप तीन पटक : २-१-१

यस अनुसार पहिलो दिन (० दिन) रेविज खोपको एक एक मात्रा दुवै हातको पाखुराको माथिल्लो भागमा गरी २ मात्रा लगाईन्छ। अर्को १। १ मात्रा सातौं र एक्काईसौं दिनमा गरी जम्मा ४ मात्रा लगाईन्छ। यो तालिकाले एक मात्रा खोपको साथै दुई पटक स्वास्थ्य संस्थामा जाने खर्च वचत गर्दछ।

### ग) शरिरका धेरै भागमा छाला भित्र दिने खोप तालिका (सुधारीएको थाई रेडक्रस प्रोटोकल): २ स्थानमा दिईने तालिका २-२-२-०-२

यस अनुसार खोपको १।१ मात्रा (०.१ मिलिलिटर) दुवै हातको माथिल्लो भागमा ०, ३, ७ र २८ औ दिन गरि जम्मा चार पटक लगाईन्छ।



यो छाला भित्र दिईने तलिकाको प्रयोग निश्चित स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीहरुवाट मेडिकल अधिकृतको सुपरिवेक्षणमा मात्र दिन सिफारिस गरिन्छ ।

## प्र. नं. १० के रेविजको जोखिम पश्चात छाला भित्र दिईन छोटो खोप तालिका छ ?

रेविजका विरामीहरुले खोपको पुरामात्रा लिउन भन्ने उद्देश्यले छाला भित्र दिने खोपको तालिकालाई छोटो गर्न विभिन्न अनुसन्धानहरु भईरहेका छन् । थाई रेडक्र तालिकालाई ( प्रोटोकल ) प्रतिस्थापन गर्न प्रत्यक पटक शरिरका ४ स्थानहरुमा १ ।  १ मात्रा गरी - चार ठाउँ एक हप्ता जोखिम पश्चात दिने खोप तालिका (४-४-४ )

एक हप्तामा तीन पटक ०, ३ र ७ औं दिन दिईने खोप तालिका प्रस्तावित गरिएको छ । यो अध्ययन वाट प्राप्त नतिजा उत्साहवर्धक छ । विश्व स्वास्थ्य संगठनले एउटा व्यवस्थित रुपमा योजना गरिएको अध्ययनवाट यसको थप अनुसन्धान गर्न सिफारिस गरेको छ ।

## प्र. नं. ११ आधुनिक रेविज खोप लगाउदा विचार गर्न पर्ने प्रमुख कुराहरु के के हुन् ?

सवै रेविज खोपहरु एक मात्राको भायलमा मासु भित्र दिईने र पाखुराको माथिल्लो भाग (पाखुराको पछाडितिर काँधको नजिक) मा अनिवार्य रुपमा दिन पर्ने खालका छन् । यि खोपहरु वालवालिकाहरुमा तिघ्राको वाहिरी भागको माथिल्लो पट्टि मासु भित्र दिनु पर्दछ । अन्य सुईहरु जस्तै रेविज खोप पुठ्ठ । नितम्वमा कदापी दिन हुदैन, किनकि यस ठाउँमा वोसो हुने हुदा खोप राम्रोसंग शरिरमा सोसिदैन ।

- मासु भित्र र छाला भित्र दिईने खोपको मात्रा सवै उमेर समुहको लागि एउटै हुन्छ ।
- एक पटकको तालिका पुरागर्न एउटै किसिमको रेविज खोप प्रयोग गर्ने सिफारिस गरिन्छ ।
- सम्पूर्ण रेविज खोपहरु मासु भित्र दिन सकिन्छ तर प्युरीफाईड भेरो सेल रेविज खोप र प्युरीफाईड चिक ईम्व्रीयो सेल खोपमात्र छाला भित्र दिन सिफारिस गरिएको छ ।
- औलोको रोकथाम वा उपचारका लागि ल्कोरोकुईन औषधी खाईरहेका व्यक्तिहरु वा समुहमा  छाला भित्र रेविज खोप दिदा प्रतिरोधात्मक शक्तिको विकाश सन्तोषप्रद पाईएको छैन् । तसर्थ तिनीहरुमा मासु भित्र दिईने तालिकाको अनुसरण गर्नु पर्दछ ।

## प्र. नं. १२ के छाला भित्र प्रयोग गरिने रेविज खोपमा विशेष प्रकारको क्षमता हुन आवश्यक छ ?

छैन् । हाल उपलव्ध मासु भित्र दिईने रेविज खोपहरु उत्पादकको सिफारिस अनुसार विभिन्न आयतनमा घोल वनाई दिईने हुदा यस सम्वन्धि चासो वढेकोहो । विश्व स्वास्थ्य संगठनले मासु भित्र दिईने रेविज खोपको पोटेन्सी कममा पनि २.५ आई यू हुनु पर्ने तोकिएको छ र उक्त संगठनले सोही खोप छाला भित्र दिदा प्रति स्थान ०.१ मिलिलिटर हुनु पर्ने सिफारिस गरेको छ ।

## प्र. नं. १३ छाला भित्र दिईने रेविज खोपको मात्रा ज्यादै कम भएकोले कसरी काम गर्छ ? के यसले रेविजको जोखिमवाट पूर्णरुपले वचाउँछ ?

यो शरिरको विभिन्न भागमा छाला भित्र दिईने प्रविधि हो । यो दुवै पाखुराको माथिल्लो भाग, तिघ्राको वाहिरी भाग काँधको भाग र पेटको तल्लो भागमा हुनाले सानो भागले पनि छिटो तथा उच्चदरले प्रतिरोधात्मक शक्तिको विकास गर्दछ । शुरुमा शरिरको ८ स्थानमा र ४ स्थानमा दिने प्रविधिको विकाश भएको थियो । तर अनुसन्धानवाट २ स्थानमा दिने प्रविधि नै पर्याप्त मात्रामा प्रतिरोधत्मक शक्ति विकाश गर्न सक्षम, प्राविधिक दृष्टिकोणले सजिलो र आर्थिक दृष्टिकोणले पनि कम लागत भएको पाईएको छ । छाला भित्र रेविज खोप दिदा विकशित हुने प्रतिरोधात्मक शक्ति र मासु भित्र दिदा विकशित हुने उक्त शक्ति समान छन । रेविज खोप छाला भित्र दिदा उच्च प्रतिरोधात्मक शक्तिको विकाश हुन्छ । छालामा हुने कोषहरु मासुमा हुने कोषहरु भन्दा रोग प्रतिरोधात्मक शक्तिको विकाश गर्न वढि प्रभावकारी पाईएका छन् ।

## प्र. नं. १४ रेविज ईम्युनोग्लोवुलीन भनेको के हो ? र यसको प्रयोग कसरी गरिन्छ ?

रेविज ईम्युनोग्लोवुलीन एउटा जैविक उत्पादन हो । यो विरामी आफैले रोग प्रतिरोधात्मक शक्तिको विकाश नगरे सम्म आवश्यक पर्ने रोग विरुद्धको शक्ति प्रदान गर्न प्रयोग गरिन्छ । रेविज ईम्युनोग्लोवुलीन मानव र जनावरवाट वनाउन सकिन्छ ।

- घोडावाट निर्मित ईम्युनोग्लोवुलीन
- मानिसवाट निर्मित ईम्युनोग्लोवुलीन

यीनीहरुको मात्रा निम्नअनुसार छन् ।

- घोडावाट निर्मित ईम्युनोग्लोवुलीन
- ४० आई यु प्रति के.जी शारीरिक तौल, अधिकतम मात्रा ३००० आईयु सम्म ।
- मनिसवाट निर्मित ईम्युनोग्लोवुलीन

२० आई यु प्रति के. जी. शारीरिक तौल, अधिकतम मात्रा १५०० आई यु सम्म । सम्पूर्ण तेश्रो श्रेणीको जोखिममा रेविज ईम्युनोग्लोवुलीन यथासक्य चाँडो दिन पर्दछ । सम्भव भए सम्म यो घाउ र घाउको वरीपरी दिनु पर्दछ र यस पछि उब्रेमा (वाँकी रहेको ईम्युनोग्लोवुलीन) पाखुराको माथिल्लो भागमा वा तिघ्राको वाहिर पट्टि मासु भित्र दिनु पर्दछ। यस पछि सकेकम्म सोही दिन तर अर्को ठाउँमा (दाहिने हातमा खोप दिएको भए देव्रेहातमा सिरम र देव्रे हातमा खोप दिएको भए दाहिनेमा सिरम) रेविज विरुद्धको खोप लगाउन पर्दछ।

विश्वभर रेविज ईम्युनोग्लोवुलिनको आपूर्ति कम छ । तर रेविज विरुद्ध मोनोक्लोनल एण्टिवोडीज उत्पादन गर्न विकाश गरिएको नयाँ प्रविधिहरुको कारण यसको आपूर्ति वढन् सक्ने सम्भवना देखिएको छ।

## प्र. नं. १५ के घोडावाट निर्मित ईम्युनोग्लोवुलिन प्रयोग गर्दा छालामा परिक्षण गर्न आवश्यक छ ?

अहिले उत्पादन गरिएको सवै जसो घोडावाट निर्मित ईम्युनोग्लोवुलिन राम्रो संग प्युरिफाईड गरी यसवाट हुने नकारात्मक असरलाई सकेकम्म



न्युन गरिएको हुन्छ । यसर्थ यो सुई दिन भन्दा पहिले छालामा परिक्षण गर्नपर्ने कुनै वैज्ञानिक कारण छैन् । किनकि छालामा देखिने प्रतिकृयाले कुनै नतिजा दिदैन र परिक्षणको नतिजा जे सुकै भए पनि यो सुई दिनै पर्दछ ।

उपचारमा संलग्न चिकित्सक यसवाट हुन सक्ने नकारात्मक असरको व्यवस्थापन गर्न तयारी अवस्थामा रहन पर्दछ । यसको सम्भावना अतिनै न्यून भएता पनि नकारात्मक असर देखिन सक्ने सम्भावना रहन्छ । कुनै कुनै रेविज इम्युनोग्लोवुलिन उत्पादकहरुले छलाको परिक्षण गर्न सिफारिस गरेका छन् । यो याद गर्न पर्छ की छाला परिक्षण नेगेटिभ हुदैमा नकारात्मक असर हुदैन भन्न सकिदैन ।

## प्र. नं. १६ रेविज ईम्युनोग्लोवुलिन सुई दिन भन्दा अगाडि अपनाउन पर्ने सावधानीहरु के के छन् ?

यो सुई लगाउने स्वास्थ्य केन्द्रहरुमा सम्भावित नकारात्मक असरहरुको व्यवस्थापन गर्न आवश्यक आकस्मिक औषधीहरु र सुविधाको व्यवस्था गर्नु पर्दछ ।

- रेविज ईम्युनोग्लोवुलिनको भाएललाई रेफ्रिजेरेटरवाट वाहिर ल्याएपछि केहि समयसम्म वातावरणमा छोडेर कोठा वा शारीरिक तापक्रमसंग मिल्दो भएपछि मात्र सुई लगाउन पर्दछ ।
- रेविज ईम्युनोग्लोवुलिन रेविज विरुद्धको खोप लगाउन भन्दा अगाडि लगाउन पर्दछ ।यो कुनै पनि स्थितिमा रेविजको खोप दिएको ७ दिन पछाडि दिन हुँदैन किनकि त्यस पछाडि दिएमा यसले शरिरमा प्राकृतिकरुपले विकाशहुने प्रतिरोधात्मक शक्तिलाई अवरोध पुऱ्याउछ ।
- रेविज ईम्युनोग्लोविन खोप दिएकै सिरिन्जले दिन हुदैन साथै एउटै साईडमा पनि दिन हुदैन ।
- रेविज ईम्युनोग्लोविन खोप दिएकै सिरिन्जले दिन हुदैन साथै खोप दिएको स्थानमा पनि दिन हुदैन ।
- टोकेको घाउको वरिपरि रेविज ईम्युनोग्लोवुलिन सुई दिदा रक्त नशा र स्नायु नशामा नपरोस भनि सावधानी अपनाउनु पर्दछ तसर्थ यो सुई दिने व्यक्तिले मानव शरीरको वनावटको ख्याल गर्न पर्दछ ।



- औलाका टुप्पाहरुमा सुई दिदा कम्पार्टमेन्ट सिण्ड्रोम नहोस भनि सावधानी अपनाउन पर्दछ।*
- धेरै ठाउँमा टोकेको साना वालवालिकाहरुको घाउहरुको वरिपरि रेविज ईम्युनोग्लोवुलिनको सुई दिन अपर्याप्त भएमा रेविज ईम्युनोग्लोविनमा स्टेरलाईज्ड पानी मिसाएर सोको अनुपातमा २।३ गुणा सम्म वढाएर दिन सकिन्छ।
- घोडावाट वनेको रेविज ईम्युनोग्लोवुलिन प्रयोग गरेको विरामीलाई कमसेकम १ घण्टा सम्म निगरानीमा राखेरमात्र घरमा पठाउनु पर्दछ।
- रेविज ईम्युनोग्लोवुलिन सुइ खालि पेटका विरामीलाई दिनु हुदैन।
- गर्भवति महिलाहरुलाई रेविज ईम्युनोग्लोविन सुई र रेविज विरुद्धको खोप दिन निषेधित गरिएको छैन।

---

* इदि रेविज ईम्युनोग्लोवुलिन सुई कम्पर्टमेन्टलाईज्ड क्षेत्रमा दिईएको छ र मात्रापनि वढी छ भने यसले प्रेसर दिन्छ जसले गर्दा Pair Pallor & paresthesia गराउँदछ।



## प्र. नं.. १७ रेविज विरुद्धको खोप दिएका विरामीहरुमा यो रोग विरुद्ध प्रतिरोधात्मक शक्ति (एण्टिवडी) विकाश भएको छ कि छैन भनि परिक्षण गर्न आवश्यक छ ?

सिफारिस गरिएको तालिका अनुसार उचित तरिकाले भण्डारण गरिएको रेविज विरुद्धको खोप स्वस्थ्य मानिसमा दिईएको छ भने एण्टिवडी परिक्षण गरिरहन पर्दैन। उक्त परिक्षण विशेष अवस्थामा मात्रै सिफारिस गरिन्छ जस्तै रोग प्रतिरोधात्मक शक्ति क्षीण भएका वा ढिलो खोप शुरु गरिएका वा रेविज विषाणुको जोखिममा निरन्तर रहने व्यक्तिहरुमा। यस्ता रोगीहरुको घाउलाई विशेष उपचार गर्नका साथै घाउ र त्यसको वरीपरी रेविज ईम्म्युनोग्लोवुलिन को सुई दिन पर्दछ।

## प्र. नं. १८ रेविज खोपको नकारात्मक असरहरु छन् ?

मन्द किसिमका लक्षणहरु जस्तै सुई दिईएको ठाउँमा दुख्ने, रातो हुने, सुन्निने हुन सक्दछ। केहीमा टाउको दुख्ने, ज्वरो आउने, रुघाखोकीमा जस्तो साधारण लक्षणहरु देखिन सक्दछन।

यी सवै नकारात्मक असरहरु अस्थायी र आफै निको भएर जान्छन् । यसर्थ यसको विरलै उपचारको आवश्यक पर्दछ । सवै विरामीहरुलाई खोपको नकारात्मक असरवारेमा जानकारी गराउनु पर्दछ । साथै यस्ता मन्द नकारात्मक असरहरु देखा परेतापनि सिफारिस गरिएको तालिका अनुसारको खोपको मात्रा पुरा लगाउनै पर्ने पनि सल्लाह दिनु पर्दछ ।

## प्र. नं. १९ रेविज विरुद्धको खोप लिईरहेको समयमा खान नहुने औषधीहरु वा खानाहरु छन् ?

शरिरको रोग प्रतिरोधात्मक शक्तिलाई क्षीण गर्ने औषधीहरु जस्तै स्टेरवाईड, क्लोरोक्वीन (मलेरीयाका औषधी), र अर्वुद रोग विरुद्धका औषधीहरु खुवाउन हुदैन । यस्ता औषधीहरु खुवाउनै पर्ने रोग प्रतिरोधात्मक शक्ति क्षीण भएका विरामीहरुमा मासु भित्र दिने खोपको साथमा सिफारिस गरे अनुसार घाउ र घाउको वरीपरी रेविज ईम्युनोग्लोवुलिन अनिवार्य दिनु पर्दछ । यस्ता विरामीहरुमा सम्भव भएसम्म एण्टिवडीको विकाश भएको छ कि छैन अनुगमन गर्नु पर्दछ । खोप लिईरहेको वेला सवै किसिमका खानाहरु खान हुन्छ ।

## प्र. नं. २० एक प्रकारको रेविज खोप प्रयोग भईरहेकोमा अन्तिम २ मात्रा त्यही प्रकारको खोप पाईएन भने खोपको किसिम वा खोप दिने विधि परिवर्तन गर्न हुन्छ की हुदैन् ?

यदि एकै प्रकारको खोपले तालिका अनुसारको मात्रा पुरा गर्न सक्ने सम्भावना नभएमा खोपको किसिम वा विधि वदल्न सकिन्छ । तर यस्तो अवस्था आउन दिनु हुदैन् । रेविजको जोखिम पश्चात मासुभित्र दिईने खोपलाई वीचैमा छालाभीत्र दिने खोपमा वदल्दा यसवाट रोग विरुद्धको प्रतिरोधात्मक शक्तिको विकाशमा असर पर्ने नपर्ने वारे अध्ययन भएको पाईदैन् ।

## प्र. नं. २१ के खोपको पुरा मात्रा लिई सकेपछि यसले काम गर्न नसक्ने सम्भावना हुन्छ ?

कहिले काही रेविजको जोखिम पश्चात सिफारिस गरिएको तालिका अनुसार पुरा खोप दिदा पनि सम्वन्धित विरामीको स्वास्थ्य अवस्था

र हेलचेक्र्याई जस्ता कारणहरुले रोग देखा परेको रिपोर्टहरु छन् । धेरैजसो यस्ता घटनाहरु ढिलो खोप शुरु गर्नाले वा तेश्रो श्रेणीको घाउमा पनि रेविज ईम्युनोग्लोवुलिनको प्रयोग नगर्नाले वा खोप तालिका अनुसार खोप पुरा नगर्नाले भएका रिपोर्टहरु छन् । केही केशहरु रोग प्रतिरोधात्मक शक्ति क्षीण भएको अवस्थाहरु जस्तै एच. आई. भि. संक्रमण । एड्स रोग, सिरोसिस वा क्लोरोक्वीनको प्रयोग वा अवुर्द रोग विरुद्धको औषधी प्रयोग संग सम्वन्धित छन् । सवै कुरा ठिक संग पुरा गरेतापनि खोपले काम नगरेका केशहरु पनि रिपोर्ट भएका छन् ।

## प्र. नं. २२ यदि पहिल्यै खोप लगाईसकेको व्यक्तिलाई वहुला कुकुरले टोकेमा पुन: खोप लगाउने तालिका कस्तो हुन्छ ?

यदि त्यस्तो व्यक्तिले रेविजको जोखिम अगावै वा जोखिम पश्चात मासु भित्र वा छाला भित्र दिईने आधुनिक खोपको पुरामात्रा पहिलेनै दिईसकेको छ भने ० र ३ दिनको दुई मात्रा दिए हुन्छ । तर पहिले स्नायु तन्तुवाट वनेको खोप प्रयोग गरेको छ भने तालिका अनुसारको पुरा खोप लगाउनु पर्दछ ।

पहिलेनै खोप लगाई सकेको व्यक्तिहरुमा निम्नअनुसार दुईवटा फाईदाहरु हुन्छन् ।

- तेश्रो श्रेणीको टोकाईमा पनि रेविज ईम्युनोग्लोवुलिन दिन आवश्यक पर्दैन् ।
- पहिले रेविज विरुद्धको खोप लगाएको छ भने खोपको थप मात्रा दिदा मेमोरी कोषलाई आकर्षित गरी थप रोग प्रतिरोधात्मक शक्ति चाँडो विकाश गर्दछ । यसकारण अभिभावकहरुलाई उनीहरुको वालवच्चाहरुलाई रेविज विरुद्ध खोप दिन प्रोत्साहन गरिन्छ किनकी तिनीहरुमा कुकुरको टोकाई तेश्रो श्रेणीको जोखिममा पर्ने सम्भवना उच्च हुन्छ ।

रेविज रोग मानव जातिले जानेको सवभन्दा पुरानो रोगहरु मध्यको एउटा रोग हो। यो रोग दक्षिण पूर्वी एशियाका धेरै देशहरुमा जनस्वास्थ्यका दृष्टिकोणवाट ठुलो चुनौतिको रुपमा रहेको छ। रोगको लक्षण देखापरिसकेको विरामीहरुमा कुनै उपचार हुन सक्दैन। यस पुस्तिकामा रेविज रोग वारे प्राय जसो सोधिने प्रश्नहरुको सर्वमान्य र प्रमाणको आधारमा सिद्ध भएका उत्तरहरु समावेश गर्ने प्रयास गरिएको छ।

**यदि कुनै मानिसलाई जनावरले टोक्योभने :**

- घाउलाई जतिसक्दो चाँडो १० देखि १५ मिनेट सम्म सावुन पानीले राम्रो संग पखाल्नु पर्दछ। यो नै रेविज विरुद्धको सवैभन्दा प्रभावकारी प्राथमिक उपचार हो।
- उपलव्ध भएमा घाउलाई ७० प्रतिशत अल्कोहल वा ईथानोल वा पोभिडन आयोडिनले राम्ररी सफा गर्नु पर्दछ।
- यथा सक्य चाँडो जनावरले टोकेको व्यक्तिलाई थप उपचारको लागि नजिकको स्वास्थ्य केन्द्रमा लग्न पर्दछ।
- यो पुस्तिका प्राप्त गर्न ( डाउनलोड) र अन्य सरुवा रोगवारे जानकारी लिन निम्न ठेगानामा सम्पर्क गर्न वा हेर्न सकिने छ।

http://www/searo.who.int/about/administration_structure/cds/en/index.html

विश्व स्वास्थ्य संगठन
क्षेत्रिय कार्यलय, दक्षिण-पूर्वी एशिया
विश्व स्वास्थ्य गृह
ईन्द्रप्रस्थ ईस्टेट माहात्मा गान्धि मार्ग
नया दिल्ली-११०००२, भारत

SEA-CD-278